# एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेड

ट्रेडटावर थापाथली, काठमाडौं

## पदपूर्ति सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७६/०२/०४

यस कम्पनीमा रिक्त रहेको देहाय बमोजिमका पदहरुमा खुला प्रतियोगिताद्धारा करार सेवामा नियुक्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कम्पनीको कार्यालयमा आइपुग्ने गरी दरखास्त आह्वान गरिएको छ । दरखास्त इमेलबाट वा कम्पनीको कार्यालयमा पेश गर्न सकिने छ । रीत नपुगी, म्याद नाघी वा दरखास्तसाथ अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजात संलग्न नभई पेश हुन आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

| क्र.सं. | पद | तह | पदसंख्या | न्यूनतम योग्यता | ग्राह्यता | थप ग्राह्यता |
|---|---|---|---|---|---|---|
| १ | Chief/Director (Soil and Rock Lab) Geotech Specialist | ९ | १ | सम्वन्धित विषयमा स्नातकोत्तर उत्तीर्ण भई ९ वर्ष वा स्नातक गरी १२ वर्षको अनुभव प्राप्त गरेको | Rock Mechanical मा दक्षता प्राप्त | |
| २ | Structure Engineer/Expert/Specialist (Dam/Power house/Tunnel/Trans Towers) | ७ | १ | सम्वन्धित विषयमा स्नातक तह उत्तीर्ण गरेको | स्नातक वा स्नातकोत्तर तहमा विशिष्ट श्रेणीमा उत्तीर्ण गरेकालाई विशेष ग्राह्यता दिइनेछ । | Tower & Substation को Civil Structure मा कार्य गरेकोलाई थप प्राथमिकता |
| ३ | Geotech Engineer/Expert (Geotech/Rock) | ७ | १ | सम्वन्धित विषयमा स्नातक तह उत्तीर्ण गरेको | स्नातक वा स्नातकोत्तर तहमा विशिष्ट श्रेणीमा उत्तीर्ण गरेकालाई विशेष ग्राह्यता दिइनेछ । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | Hydropower Engineer[i] | ७ | २ | जलश्रोत/हाइड्रोलिक इन्जिनियरिङ्ग वा सिभिल विषयमा स्नातक तह उत्तीर्ण | हाइड्रोपावर आयोजनाको डिजाइन कार्य गरेकोलाई अनुभव बमोजिम साथै स्नातक वा स्नातकोत्तर तहमा विशिष्ट श्रेणीमा उत्तीर्ण गरेकालाई विशेष ग्राह्यता दिइनेछ । | |
| ५ | Hydraulic Engineer | ७ | १ | सम्वन्धित विषयमा स्नातक तह उत्तीर्ण गरेको | न्युमेरिकल मोडलिङ्गमा दक्षता र अनुभव प्राप्त गरेकोलाई अनुभव बमोजिम साथै स्नातक वा स्नातकोत्तर तहमा विशिष्ट श्रेणीमा उत्तीर्ण गरेकालाई विशेष ग्राह्यता दिइनेछ । | |
| ६ | Civil Engineer (General) | ७ | १ | सिभिल इन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण | जलविद्युत आयोजनाको डिजाइन गरेकोलाई अनुभव बमोजिम साथै स्नातक वा स्नातकोत्तर तहमा विशिष्ट श्रेणीमा उत्तीर्ण गरेकालाई विशेष ग्राह्यता दिइनेछ । | |
| ७ | Cost Estimator (Civil Engg.) | ७ | १ | सिभिल इन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण | जलविद्युत आयोजनामा Rate Analysis र Cost estimator को अनुभव र दक्षता प्राप्त गरेकोलाई अनुभव र दक्षता बमोजिम साथै स्नातक वा स्नातकोत्तर तहमा विशिष्ट श्रेणीमा उत्तीर्ण गरेकालाई विशेष ग्राह्यता दिइनेछ । | |
| ८ | Contract Engineer | ७ | १ | सम्वन्धित विषयमा स्नातक तह उत्तीर्ण गरेको | जलविद्युत आयोजनामा ठेक्का सम्झौता सम्वन्धी कार्य गरेकोलाई अनुभव बमोजिम साथै स्नातक वा स्नातकोत्तर तहमा विशिष्ट श्रेणीमा उत्तीर्ण गरेकालाई विशेष ग्राह्यता दिइनेछ । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | Surveyor | ५ | १ | सिभिल वा सर्भे इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र वा डिप्लोमा तह उत्तीर्ण | जलविद्युत आयोजनाको सर्भेमा १ वर्ष भन्दा बढी कार्य गरेको अनुभवलाई विशेष ग्राह्यता दिइनेछ । | |
| १० | Drilling Supervisor | ४ | १ | सम्वन्धित विषयको प्राविधिक प्रवेशिका परीक्षा कक्षा वा एसएलसी उत्तीर्ण भई CTEVT वा सम्वन्धन प्राप्त संस्थाबाट सम्वन्धित विषयमा ग्रेड (तह) ३ को दक्षताको प्रमाणपत्र प्राप्त वा सम्वन्धित विषयमा ६ महिनाको तालीम गरी १ वर्षको अनुभव प्राप्त । | ड्रिलिङमा १ वर्ष भन्दा बढी कार्य गरेको अनुभवलाई विशेष ग्राह्यता दिइनेछ । | |
| ११ | Technician Mechanical | २ | १ | १० कक्षा उत्तीर्ण भई CTEVT सम्वन्धन प्राप्त संस्थाबाट सम्वन्धित विषयमा ग्रेड (तह) २ को दक्षताको प्रमाणपत्र प्राप्त वा सम्वन्धित विषयमा ६ महिनाको तालीम गरी १ वर्षको अनुभव प्राप्त | ड्रिलिङ वा वर्कशप वा पावरहाउसमा १ वर्ष भन्दा बढी कार्य गरेको अनुभवलाई विशेष ग्राह्यता | |

दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु:

**हालसालै खिचिएको पासपोर्ट साइजको फोटो (१ प्रति), व्यक्तिगत विवरण (Resume), शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपी, कार्यानुभव प्रमाणपत्रको प्रतिलिपी, सम्बन्धित विषयको तालीमका प्रमाणपत्रको प्रतिलिपी  र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, नेपाल इन्जिनियरिङ्ग परिषदमा आवद्धता**

भएको प्रमाणपत्रको प्रतिलिपी, विदेशी संस्थामा अध्ययन गरेका उम्मेद्वारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको प्रमाणपत्र ।

दरखास्त दिने स्थान तथा ठेगानाः एनइए इन्जिनियरिङ्ग कम्पनीको कार्यालय, ट्रेडटावर थापाथली, काठमाडौंमा दर्ता गराएर वा PDF File बनाएर Upload गरी कम्पनीको आधिकारिक इमेल ठेगानाः hrneaec@gmail.com मा समेत पठाउन सकिनेछ ।

परीक्षाको किसिमः तह ९ को हकमा प्रस्तुतीकरण **(Presentation)** र अन्तर्वार्ता **(Interview)**

तह ७ र सो भन्दा तल्लो पदहरुमा संक्षिप्त सूची **(Short List)**, **सामूहिक छलफल (Group Discussion)** तथा अन्तर्वार्ता **(Interview)**

परीक्षाको मिति तथा स्थानः कम्पनीको वेवसाइटमा पछि प्रकाशन गरिनेछ ।

करार अवधिः १ वर्ष

सेवा सुविधाः कम्पनीको नियमानुसार

नोटः कुनै उम्मेद्वारले छनौट प्रकृयाका सम्वन्धमा मौखिक वा लिखित रुपमा आफैं वा अन्य व्यक्तिद्वारा प्रभावित गरेमा वा गर्न लगाएमा त्यस्तो उम्मेद्वारलाई स्वतः अयोग्य घोषणा गर्न सकिनेछ । एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेडको संस्थापक संस्थाहरु कुनै अर्को कम्पनीको संस्थापक सदस्य रहेको त्यस्तो कम्पनीमा कार्यरत उम्मेद्वारहरुले अन्तर्वार्ता परीक्षामा उपस्थित हुँदा कार्यरत कम्पनीबाट जारी गरिएको कम्पनी छोडी अन्यत्र गएमा आपत्ति नरहेको पत्र **(No Objection Letter)** अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

कर्मचारी छनौट कमिटी
एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेड

# एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेड

## ट्रेडटावर थापाथली, काठमाडौं

## पदपूर्ति सम्वन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७६/०२/०४**

यस कम्पनीलाई सीमित अवधिको लागि आवश्यक भएको इन्जिनियरहरु अल्पकालीन इन्जिनियरको रुपमा ६ महिनाको लागि पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कम्पनीको कार्यालयमा आइपुग्ने गरी दरखास्त आह्वान गरिएको छ । दरखास्त इमेलबाट वा कम्पनीको कार्यालयमा स्वयं उपस्थित भई पेश गर्न सकिनेछ । रीत नपुगी, म्याद नाघी वा दरखास्तसाथ अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजात संग्लन नभई पेश हुन आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

| क्र.सं. | पद | पदसंख्या | न्यूनतम योग्यता | ग्राह्यता |
|---|---|---|---|---|
| १ | सिभिल इन्जिनियर | ६ (छ) | सम्वन्धित विषयमा प्रथम श्रेणीमा स्नातक उत्तीर्ण | स्नातकोत्तर गरेको, विशिष्ट श्रेणीमा उत्तीर्ण गरेको र सम्वन्धित क्षेत्रको अनुभव भएको |
| २ | इलेक्ट्रिकल इन्जिनियर | ८ (आठ) | सम्वन्धित विषयमा प्रथम श्रेणीमा स्नातक उत्तीर्ण | स्नातकोत्तर गरेको, विशिष्ट श्रेणीमा उत्तीर्ण गरेको र सम्वन्धित क्षेत्रको अनुभव भएको |
| ३ | मेकानिकल इन्जिनियर | ४ (चार) | सम्वन्धित विषयमा प्रथम श्रेणीमा स्नातक उत्तीर्ण | स्नातकोत्तर गरेको, विशिष्ट श्रेणीमा उत्तीर्ण गरेको र सम्वन्धित क्षेत्रको अनुभव भएको |
| ४ | जियोमेटिक तथा सर्भे इन्जिनियर | २ (दुई) | सम्वन्धित विषयमा प्रथम श्रेणीमा स्नातक उत्तीर्ण | स्नातकोत्तर गरेको, विशिष्ट श्रेणीमा उत्तीर्ण गरेको र सम्वन्धित क्षेत्रको अनुभव भएको |

दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः

हालसालै खिचिएको पासपोर्ट साइजको फोटो (१ प्रति), व्यक्तिगत विवरण (Resume), शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपी, कार्यानुभव प्रमाणपत्रको प्रतिलिपी, सम्बन्धित विषयको तालीमका प्रमाणपत्रको प्रतिलिपी र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, नेपाल इन्जिनियरिङ्ग परिषदमा आवद्धता भएको प्रमाणपत्रको प्रतिलिपी, विदेशी संस्थामा अध्ययन गरेका उम्मेद्वारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको प्रमाणपत्र ।

दरखास्त दिने स्थान तथा ठेगानाः एनइए इन्जिनियरिङ्ग कम्पनीको कार्यालय, ट्रेडटावर थापाथली, काठमाडौंमा दर्ता गराएर वा PDF File **बनाएर** Upload **गरी कम्पनीको आधिकारिक इमेल ठेगाना**: hrneaec@gmail.com मा समेत पठाउन सकिनेछ ।

परीक्षाको किसिमः संक्षिप्त सूची (**Short List**) तथा अन्तर्वार्ता

अन्तर्वार्ताको मिति तथा स्थानः कम्पनीको वेवसाइटमा पछि प्रकाशन गरिनेछ ।

करार अवधिः अधिकतम ६ महिना

सेवा सुविधाः कम्पनीको तह ७ वरावरको शुरु तलव र स्थानीय भत्ता

नोटः कुनै उम्मेद्वारले छनौट प्रकृयाका सम्वन्धमा मौखिक वा लिखित रुपमा आफैं वा अन्य व्यक्तिद्वारा प्रभावित गरेमा वा गर्न लगाएमा त्यस्तो उम्मेद्वारलाई स्वतः अयोग्य घोषणा गर्न सकिनेछ । एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेडको संस्थापक संस्थाहरु कुनै अर्को कम्पनीको संस्थापक सदस्य रहेको त्यस्तो कम्पनीमा कार्यरत उम्मेद्वारहरुले अन्तर्वार्ता परीक्षामा उपस्थित हुँदा कार्यरत कम्पनीबाट जारी गरिएको कम्पनी छोडी अन्यत्र गएमा आपत्ति नरहेको पत्र **(No Objection Letter)** अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

कर्मचारी छनौट कमिटी

एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेड